"Let all the Private and Boarding Schools Be United"

# निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल
# PRIVATE & BOARDING SCHOOLS' ORGANIZATION NEPAL
# (PABSON)
## CENTRAL EXECUTIVE COMMITTEE

Regd. No. 203/2047/2048

## प्रेस विज्ञप्ति

कोभिड-१९को संक्रमणको दोस्रो लहर विश्वका केहि देश लगायत छिमेकी मुलुक भारतमा अत्यन्तै तीव्र गतिमा फैलिरहेको समाचार आई रहेको परिप्रेक्ष्यमा नेपालमा समेत बढ्दै गएको संक्रमणसँगै सरकारका सम्बन्धित निकायहरुले आवश्यक छलफल, अन्तर्क्रिया गरी राय सुझाव लिने दिने कार्य तीव्र गतिमा भइरहेको छ । उक्त कार्यसँगसँगै विभिन्न सञ्चार माध्यमहरु लगायत सामाजिक सञ्जालमा फैलिरहेका समाचारहरुले नेपाली जनमानसको मनोविज्ञानमा पारेको प्रभावलाई हाम्रो संगठनले नजिकबाट नियालि रहेको छ । २०७६ चैत्र ११ गतेबाट गरिएको बन्दाबन्दीले विश्वका कतिपय मुलुक सँगसँगै नेपालको स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्र, आर्थिक क्षेत्र र रोजगारीको क्षेत्र लगायत जनजीविकाका विभिन्न पक्षमा पारेको प्रभावहरु आम नेपाली जनताले अनुभूत गरिसकेका छन् । बन्दाबन्दी मात्र रोकथामको उपाय होइन भन्ने प्रमाणित भईसकेको छ । बन्दाबन्दी पश्चात बामे सर्न थालेको जनजीवन पुन अस्तव्यस्त हुन सक्ने समाचार तथा हल्लाहरुले आम जनतामा सकारात्मक भन्दा नकारात्मक प्रभावहरु पारेको छ । यस्ता समाचारहरु कसैका लागि पनि हितकर होइनन् भन्ने हाम्रो ठम्याई छ ।

सरकारकै केहि निकायहरुले विद्यालयहरु भौतिक रुपमा बन्द गराई अनलाईनबाट पठ्नपाठन जारी राख्ने भनि CCMC लाई सिफारिस गरिएको भन्ने समाचार प्रति हाम्रो ध्यानाकर्षण भएको छ । भारतसँग खुल्ला सीमानाका कारण नेपालमा कुनै पनि बेला संक्रमणले तिव्रता हासिल गर्न सक्ने सम्भावना, केहि दिन यता नेपालको संक्रमण दर बढ्दो क्रममा रहनु, नेपाल भित्र आम जनमानसद्वारा स्वास्थ्य सावधानीमा चरम लापरवाही भइरहनु आदि कुराले हामी सबैलाई अत्यन्त चिन्तित तुल्याएको छ ।

कोरोनाको दोस्रो लहरले १८ वर्ष मुनिका बालबालिकाहरु समेत प्रभावित हुन सक्ने पुष्टि भइरहँदा र बालबालिकाहरुकालागी भ्याक्सिनको परीक्षण समेत भइनसकेको सन्दर्भमा उक्त समूहलाई संक्रमित हुनबाट जोगाईराख्न अपनाउनु पर्ने स्वास्थ्य सावधानीका सन्दर्भमा निजी लगानीका विद्यालयहरुको छाता संगठनको नाताले निजी तथा आवासीय विद्यालय अर्गनाईजेशन, नेपाल (प्याब्सन) अत्यन्तै गम्भीर रहेको व्यहोरा अनुरोध छ । आफ्ना सदस्य विद्यालयहरुलाई स्वास्थ्य सावधानीका पूर्ववत उपायहरु अनिवार्य र कडि कडाउका साथ अपनाई पठ्नपाठनका साथै अन्य गतिविधि सञ्चालन गर्न गराउन मिति २०७७/१२/१९ मा आन्तरिक परिपत्र समेत जारि गरि सकिएको छ ।

यसै सन्दर्भमा नेपालको भौगोलिक विकटता, अभिभावकहरुको आर्थिक तथा सामाजिक अवस्था, ईन्टरनेटको उपलब्धताको अभाव, शिक्षकहरुको प्राविधिक दक्षता जस्ता कारणले नेपालको सामुदायिक तथा सार्वजनिक शिक्षालयमा मात्र नभएर निजी शिक्षालयमा अध्ययनरत विद्यार्थीहरुको पनि ५०% क्षेत्र अनलाईन शिक्षाले समेट्न नसक्ने कुरा विगतको बन्दाबन्दीमा गरिएको प्रयोगले प्रमाणित गरि सकेको छ ।

अत: कोरोना संक्रमण र यसको प्रभाव न्यूनीकरणका लागि नेपाल सरकारले तयार गरेको स्वास्थ्य सावधानी सम्बन्धी उपायहरुलाई हरेक क्षेत्रमा कडि कडाउका साथ लागु गर्न गराउन स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकारका सम्बन्धित निकायहरुलाई जिम्मेवारी सहित सक्रिय बनाउनु अहिलेको प्राथमिकता हुनुपर्छ । कोरोनालाई जीवनको एउटा हिस्साको रुपमा स्वीकार्दै कोरोनासँग संघर्ष गर्दै जनजीवनलाई यथासम्भव सहज बनाउने तर्फ पहल कदमी गर्न जरुरी छ । विगतको बन्दाबन्दी पश्चात: विद्यालय सञ्चालन गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सरोकारवालाहरुसँग छलफल समेत गरि तयार गरेको कार्यढाँचा अनुसार शिक्षालयहरुका गतिविधिहरु सञ्चालन गर्न सान्दर्भिक भएको छ । आवश्यकता अनुसार शिक्षालयहरुमा तातो पानी, स्वास्थ्यकर्मी, सेनिटाइजर, आइसोलेशन कक्ष, भौतिक दुरीको व्यवस्थापन जस्ता कार्यहरु सरकारका सम्बन्धित निकायहरुको सहयोग र समन्वयमा गर्दै जानु उपयुक्त हुन्छ । शिक्षालयहरुमा कार्यरत शिक्षक-कर्मचारीहरुलाई कोभिड-१९ विरुद्धको खोपको प्रवन्ध तुरुन्तै गर्न नेपाल सरकारसँग हाम्रो अनुरोध छ ।

सबै शिक्षालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई स्वास्थ्य सावधानीका उपायहरु अवलम्बन गर्न गराउन विशेष भूमिका निर्वाह गर्न सबै शिक्षक-कर्मचारीहरुलाई अनुरोध छ ।

आ-आफ्ना बालबालिकाहरुलाई संक्रमणबाट जोगिन मास्कको प्रयोग, सेनिटाइजरको प्रयोग, भौतिक तथा सामाजिक दुरीको अवलम्बनका साथै स्वास्थ्यवर्धक खानपिन गराउने जस्ता कार्यहरुमा सहयोग पुर्‍याईदिनुहुन आम अभिभावकहरुलाई अनुरोध छ ।

मुलुकभरी कोरोना संकमणको वृद्धि दर एकनासको नभएको यथार्थलाई समेत मध्यनजर गरी अत्यन्त आवश्यक भए सम्बधित विद्यालय अथवा सम्बन्धित पालिकामा मात्र केहि निश्चित समयका लागी मात्र प्रतिबन्धात्मक व्यवस्था गरी अन्य ठाउँमा सहज रुपमा शैक्षिक संस्थाहरु स्वास्थ्य सावधानीका उपायहरु अवलम्बन गरी सहज तरिकाले सञ्चालन हुने वातावरण सृजना गरिदिनहुन नेपाल सरकार सँग माग गर्दछौं ।

(कुमार घिमिरे)
महासचिव

टीकाराम पुरी
अध्यक्ष

मिति: २०७७/१२/२९ गते, आइतवार



Central Office, Dillibazar, Kathmandu, P.O. Box No. 24973, Phone : 01-4420663, Fax : 4438404, E-mail : pabsoncc@gmail.com